# थबाङ गाउँपालिका

## सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०८३

प्रमाणिकरण मितिः २०८३/०२/१८

**प्रमाणिकरण मिति:२०८३/०२/१८**

**प्रस्तावना :**

नेपालको संविधानमा मौलिक हक धारा ३५ (१) तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ (४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई स्थापित गर्न आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकहरुको सहज पहुँच पुग्ने गरी प्रभावकारी रुपले निःशुल्क रुपमा उपलब्ध गराउन, गरिब, विपन्न, सीमान्तकृत र स्वास्थ्य जनचेतना कमी भएका, सशस्त्र १० वर्षे जनयुद्धको प्रभावबाट जोखिममा रहेका समुदाय, गाउँ, वस्तीहरुको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न, समतामुलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य सेवाको कार्यक्रम लागू गर्न, ग्रामिण क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउने कार्यलाई थप सशक्त बनाउँदै लैजान, भौगोलिक विकटता, र जनसंख्याको आधारमा नागरिकलाई छोटो दूरीमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना तथा सञ्चालन एवं नियमन गर्न वाञ्छनीय भएकोले थबाङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि थबाङ गाउँ कार्यपालिकाले पारित भएको मितिबाट लागू हुने छ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) " ऐन" भन्नाले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ।

(घ) "स्वास्थ्य संस्था " भन्नाले थबाङ गाउँपालिकाको वडा स्थित गाउँ, वस्तीस्तरमा स्थापना भएका वा हुने सामुदायिक स्वास्थ्य इकाई केन्द्रलाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित

भएका र स्थापना हुने अन्य स्वास्थ्य संस्थाहरु (आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, प्राथमिक स्वस्थ्य सेवा केन्द्र तथा गाउँघर क्लिनिक, खोप केन्द्र आदि) समेतलाई सम्झनु पर्दछ।

(ङ) "सञ्चालन खर्च" भन्नाले जनशक्ति व्यवस्थापन, औजार उपकरण, औषधी, कार्यालय सञ्चालन प्रशासनिक खर्च, मसलन्द खर्च समेतलाई सम्झनु पर्दछ।

(च) "स्थानीय तह" भन्नाले थबाङ गाउँपालिका सम्झनु पर्दछ।

(छ) " वडा" भन्नाले थबाङ गाउँपालिकामा कायम वडा सम्झनु पर्दछ।

३. आधारभूत स्वास्थ्य सेवा प्रवाह सम्बन्धी व्यवस्था : (१) संविधान तथा ऐनद्वारा प्रदत्त गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा स्थानीय स्तरमा प्रवाह गरिने छ।

(२) स्वास्थ्य संस्थाबाट भौगोलिक रुपमा विकट र दूरीका हिसाबले टाढा भएका गाउँ, वस्तीस्तरमा क्रमशः स्वास्थ्य सेवा स्थापना, निर्माण र सञ्चालन गरिदै लगिनेछ।

(३) उपदफा (२) मा उल्लेखित स्वास्थ्य संस्था स्थापना, निर्माण एवं मर्मत सम्भारका लागि स्थानीय सरकारले स्वीकृत गरेको लागत अनुमान बमोजिमको बजेट स्थानीय तहले व्यवस्था गर्नेछ।

४. सामुदायिक स्वास्थ्य इकाई केन्द्रको निर्माण : (१) दफा-३ (३) बमोजिम प्राप्त बजेटबाट लागत सहभागिताको आधारमा सम्बन्धित वडाले स्वास्थ्य संस्थाबाट भौगोलिक रुपमा विकट र दूरीका हिसाबले टाढा रहेका अति आवश्यक आफ्ना गाउँ, वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना, निर्माण र संचालन गर्न सक्नेछ।

(२) स्थानीय तहले स्वास्थ्य संस्था नरहेका गाउँ, वस्तीहरुको छनौट भौगोलिक विकटता, जनसंख्या, मानव विकास सूचकाङ्क, नक्सांकन, सडक सञ्जालसँगको पहुँच, सयम र दूरीलाई आधार मानी गर्नेछ।

(३)स्वास्थ्य संस्था स्थापना र निर्माण गर्न प्रस्तावित स्थान छनौट गर्दा सबै किसिमको पायक पर्ने स्थान सम्बन्धित वडाको सिफारिसमा स्थानीय तहको वोर्ड बैठकको निर्णयबाट तोक्नुपर्नेछ। यसरी तोकिएको

स्वास्थ्य संस्थाको दूरी तत्काल कायम रहेको अन्य स्वास्थ्य संस्थाबाट न्यूनतम आधा घण्टा देखि एक घण्टाको दूरीमा हुनुपर्नेछ।

(४) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा गाउँपालिकाले स्वीकृत गरेको लागत अनुमान तथा नमूना भवन डिजाइनको परिधि र मापदण्ड भित्र रही सम्बन्धित वडाको सिफारिसमा स्थानीय तहले स्वास्थ्य संस्था स्थापना, निर्माण गर्नु पर्नेछ। स्वास्थ्य संस्था नरहेका गाउँ, वस्तीहरुको छनौट भौगोलिक विकटता, जनसंख्या, मानव विकास सूचकाङ्क, नक्सांकन, सडक सञ्जाल सँगको पहुँच, सयम र दूरीका आधारमा साविका गा.वि.स. सिङ्गै एउटा वडा कायम भएमा बढिमा ४ वटा सम्म र दुईवटा वडामा कायम भएको भए प्रति वडा बढिमा २ वटा सम्म स्थापना हुन सक्नेछन तर स्वास्थ्य संस्था रहेका गाउँ, वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र सम्बन्धी बजेट खर्च गर्न पाइने छैन।

(५) स्वास्थ्य संस्था स्थापना र निर्माण कार्य राष्ट्रिय भवन संहिता तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ।

(६) स्वास्थ्य संस्था स्थापना र निर्माणका लागि सम्बन्धित वडाले स्थानीय तह सँगको समन्वयमा लागत अनुमान रकमको व्यवस्थापन गर्नुपर्नेछ।

(७) सम्बन्धित स्वास्थ्य संस्थाको लाभान्वित जनसंख्या र भौगोलिक वर्गीकरण अनुसार राष्ट्रिय भवन निर्माण संहिता बमोजिम स्वास्थ्य संस्था निर्माण गर्नुपर्नेछ।

(८) उपदफा (६) बमोजिमको कार्यका लागि स्थानीय तह सँगको समन्वयमा सम्बन्धित वडाले न्यूनतम १ रोपनी देखि ५ रोपनी सम्म (५०८.७४ देखि २५४३.७ वर्गमिटर ) जग्गा उपलब्ध गराउनु पर्नेछ।

(९) उपदफा (८) वमोजिम स्वास्थ्य संस्था निर्माण गर्न जग्गा प्राप्त नभएमा वा कुनै स्थानमा विवाद आएमा वा प्राविधिक दृष्टिले उपयुक्त नदेखिएमा सम्बन्धित वडाभित्र वा स्थानीय तहभित्र स्वास्थ्य संस्था नभएको अर्को स्थानलाई छनौट गरी निर्माण गर्नुपर्नेछ।

(१०) सामुदायिक स्वास्थ्य इकाई केन्द्रको भवन निर्माण सम्बन्धी कार्यको प्राविधिक सहजीकरण स्थानीय तहबाट हुनेछ।

(११) स्थानीय तह सँगको समन्वयमा सम्बन्धित वडाबाट भवनको लागि आवश्यक कम्पाउण्ड वाल, धारा पानी, बिजुली लगायतको पूर्वाधारको व्यवस्था गर्नुपर्नेछ।

५. सामुदायिक स्वास्थ्य ईकाई केन्द्र सञ्चालन : (१) सामुदायिक स्वास्थ्य ईकाई केन्द्र स्थापना र निर्माण भएका र हुने स्थानीय तहले छनौट गरेका स्थानहरुमा सम्बन्धित वडाले स्थानीय तह सँगको समन्वयमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्रवाह हुने व्यवस्था मिलाउनुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्रवाहका लागि स्थानीय सरकार र सम्बन्धित वडाले सञ्चालन खर्चको नियमित व्यवस्था गर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा प्रवाह गर्दा कम्तिमा खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा, सरुवा रोग सम्बन्धी सेवा, नसर्ने रोग तथा शारीरिक विकलङ्गता सम्बन्धी सेवा, मानसिक रोग सम्बन्धी सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा, डट्स सेवा, सामान्य तथा आकस्मिक उपचार लगायतका स्वास्थ्य सेवा समुचित व्यवस्था स्थानीय तह र सम्बन्धित वडाले गर्नु पर्नेछ।

(४) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रवाह गर्न स्थानीय तहले आवश्यक न्यूनतम जनशक्ति प्रचलित कानून बमोजिम सेवा करारमा लिई सञ्चालन एवं परिचालन गर्नेछ। सेवा क्षेत्रका भौगोलिक विकटता, वस्तीहरुको अवस्था, दूरी र सेवाग्राहीको चाप, सडक सञ्जाल पहुँचको आधारमा स्थानीय तहले सुरक्षित मातृत्व सेवाका लागि देहाय बमोजिमको जनशक्ति व्यवस्थापन अनिवार्य गर्नेछ।

**क. बर्थिङ सेन्टर सहितको सामुदायिक स्वास्थ्य इकाई केन्द्रको जनशक्ती व्यवस्थापन:**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेन्ट | ५/६/७ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | १ | |
| २ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | कम्युनिटी नर्सिङ/जनरल नर्सिङ | १ | |
| ३ | अ.हे.व. | ४ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | अ.न.मी. | ४ | स्वास्थ्य | कम्युनिटी नर्सिङ | १ | |
| ५ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | १ | |
| | | | | कूल जम्मा | ५ | |

**ख.बर्थिङ सेन्टर नभएको सामुदायिक स्वास्थ्य इकाई केन्द्र जनशक्ती व्यवस्थापनः**

| **क्र.सं.** | **पद** | **श्रेणी/तह** | **सेवा** | **समूह/ उपसमूह** | **स्वीकृत दरबन्दी** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | हे.अ./अ.हे.व. | (४)५/६/७ | स्वास्थ्य | नेपाल स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | १ | |
| २ | स्टाफ नर्स/अ.न.मी. | (४)५/६/६ | स्वास्थ्य | नेपाल स्वास्थ्य/कम्युनिटी नर्सिङ | १ | |
| ३ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | १ | |
| | | | | कूल जम्मा | ३ | |

(५) उप दफा (४) बमोजिमको जनशक्ति व्यवस्थापन थबाङ गाउँ कार्यपालिको निर्णय अनुसार करार सम्झौता गर्न सक्नेछ।

(६) सामुदायिक स्वास्थ्य इकाई केन्द्रको नियमित सञ्चालन, रेखदेख, समन्वय र सहयोगका लागि देहाय बमोजिमको सामुदायिक स्वास्थ्य इकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

सामुदायिक स्वास्थ्य इकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः

| क्र.सं. | विवरण | पद |
|---|---|---|
| * | गाउँपालिका अध्यक्ष | संरक्षक |
| १. | सम्बन्धित सामुदायिक स्वास्थ्य इकाई केन्द्र रहेको वडाको वडा अध्यक्ष | अध्यक्ष |
| २. | अध्यक्षले मनोनित गरेको एकजना जनप्रतिनिधि | उपाध्यक्ष |
| ३. | सामुदायिक स्वास्थ्य इकाई केन्द्र रहेको क्षेत्रको विद्यालयका शिक्षिकाहरु मध्येबाट एक जना | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५. | समितिबाट मनोनित राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु | सदस्य |

| | | |
|---|---|---|
| . | मध्येबाट एकजना | |
| ६. | सम्बन्धित वडा कार्यालयका वडा सचिव | सदस्य |
| ७. | संरकक्षकले तोकेको महिला एक जना | सदस्य |
| ८. | किशोरीहरु मध्येबाट एक जना | सदस्य |
| ९. | अध्यक्षले तोकेको ज्येष्ठ नागरिक एक जना | सदस्य |
| १०. | अपाङ्गता भएका व्यक्ति मध्येबाट एक जना | सदस्य |
| ११. | सम्बन्धित सामुदायिक स्वास्थ्य इकाई केन्द्र प्रमुख | सदस्य सचिव |

(७) उप दफा (६) बमोजिमको समिति अध्यक्ष र सदस्य सचिवको संयूक्त दस्तखतबाट सामुदायिक स्वास्थ्य इकाई केन्द्रको बैंक खाता सञ्चालन हुनेछ ।

(८) नयाँ सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना र भवन निर्माण कार्य सम्पन्न नभएसम्म सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम ३ कोठाको भवन, शौचालय र आवश्यक फोहरमैला व्यवस्थापन सुनिश्चिता सहित स्थानीय तहसँगको समन्वयमा सम्बन्धित वडाले व्यवस्था गर्नु पर्नेछ ।

(९) दफा (६) बमोजिमको कार्यका लागि आवश्यक न्यूनतम आर्थिक व्यवस्थापन स्थानिय सरकार र सम्बन्धित वडाको अग्रसरतामा गर्नेछ ।

६. बचाउ र खारेजी : गाउँपालिका स्थापना हुनु अगाडि स्थापना र सञ्चालन भएका सामुदायिक स्वास्थ्य इकाई केन्द्र र गाउँपालिका स्थापना भए पश्चात स्थापना भई सञ्चालित सामुदायिक स्वास्थ्य इकाई केन्द्र र कार्यरत कर्मचारीहरु यसै कार्यविधि अन्तर्गत भए गरेको मानिने छ ।

आज्ञाले,

२०८२।०२।१८

...................

गणेश वि.क.

प्रमुख प्रशासकीय अधिकृत